**COVID-19 खोपहरू र खोप कार्यक्रम**
**बारम्बार सोधिएका प्रश्नहरू (2)**

30 सेप्टेम्बर 2021 मा

## विषयसूची


Sinovac CoronaVac COVID-19 खोप (Vero Cell), निष्क्रिय गरिएको बारे थप जानकारी

साधारण प्रश्नहरू

COVID-19 खोपका लाभहरू के के हुन्?

CoronaVac खोप (COVID-19 खोप (Vero Cell), निष्क्रिय गरिएको) केका लागि प्रयोग गरिन्छ?

हामीले CoronaVac खोप लगाउनुअघि के कुरा विचार गर्नुपर्छ?

CoronaVac खोप कसरी दिइन्छ?

मैले सँगसँगै औषधिहरू लिइरहेको भएमा के मैले अझै पनि CoronaVac खोप लगाउन सक्छु?

के गर्भवती वा दुध चुसाइरहेका महिलाले CoronaVac खोप लगाउन सक्छन्?

के म CoronaVac खोप लगाएपछि अझै पनि सवारी चलाउन वा मेसिन प्रयोग गर्न सक्छु?

CoronaVac खोपमा के समावेश हुन्छ र प्याकभित्र के हुन्छ?

सुरक्षा

CoronaVac खोपका सम्भावित साइड इफेक्टहरू के के हुन्?

के CoronaVac खोप लगाउनका लागि कुनै पूर्वसावधानीहरू छन्?

मैले CoronaVac खोप लगाएपछि गम्भीर साइड इफेक्टहरूको अनुभव गरेमा मैले के गर्नुपर्छ?

प्रभावकारिता

के CoronaVac खोपले तुरुन्तै काम गर्नेछ?

अहिलेसम्म क्लिनिकल अध्ययनबाट आएका जानकारी अनुसार, CoronaVac खोपले कत्तिको सुरक्षा प्रदान गर्दछ?

CoronaVac खोपको पहिलो मात्रा प्राप्त गरेपछि, के प्राप्तकर्ताले दोस्रो मात्राको लागि अर्को COVID-19 खोप परिवर्तन गर्न सक्छ?

के CoronaVac गम्भीर COVID-19 रोकथाममा प्रभावकारी छ?

गुणस्तर

हङकङमा आपूर्ति गरिने CoronaVac खोप कहाँ उत्पादन गरिन्छ? हङकङमा आपूर्ति गरिएको खोपहरूको गुणस्तर कसरी सुनिश्चित गर्ने?

# Sinovac CoronaVac COVID-19 खोप (Vero Cell), निष्क्रिय गरिएको बारे थप जानकारी

## CoronaVac खोप बारे बारम्बार सोधिएका प्रश्नहरू

Sinovac CoronaVac COVID-19 खोप (Vero Cell), निष्क्रिय गरिएको ("CoronaVac" खोप) सँग सम्बन्धित यी बारम्बार सोधिएका प्रश्नहरू (FAQs) उत्पादनको जानकारीको अनुरूप स्वास्थ्य विभागद्वारा तयार गरिएका हुन्।

यो कागजातलाई समीक्षा अन्तर्गत राखिनेछ र आवश्यकताअनुसार समय समयमा अद्यावधिक गरिनेछ।

FAQs मा भएको जानकारी साधारण सन्दर्भको प्रयोजनका लागि मात्र हो र यो व्यवसायिक चिकित्सीय सल्लाहका लागि विकल्प होइन। तपाईंसँग आफ्नो अवस्थाको सम्बन्धमा भएको कुनै प्रश्न वा चासोका लागि डाक्टर वा फार्मेसिस्टसँग परामर्श लिनुहोस्।

तलका FAQs सुरुमा 19 फेब्रुअरी 2021 मा जारी गरिएका थिए।

## साधारण प्रश्नहरू

### COVID-19 खोपका लाभहरू के के हुन्?

SARS-CoV-2 भाइरसले गर्दा हुने COVID-19 उच्च रूपमा सङ्क्रामक हुन्छ। एकपटक सङ्क्रमित भएपछि, गम्भीर जटिलताहरू हुन सक्छन् र गम्भीर अवस्थाहरूमा मृत्यु हुन सक्छ। तपाईं सङ्क्रमित हुनुभएमा, तपाईंले परिवार, साथी र आफ्नो वरिपरिका अन्य व्यक्तिहरूलाई रोग सार्न सक्नुहुन्छ। समुदायले टिकाउ ढंगमा सामान्य क्रियाकलापहरू पुनः सुरु गर्न हाम्रो जनसंख्याको ठूलो अनुपातलाई चाँडै खोप लगाउनुपर्छ।

मास्क लगाउने र सामाजिक दूरी कायम गर्नाले तपाईं सङ्क्रमित हुने रअरूलाई सार्ने सम्भावना कम गर्न सक्छ तर यी उपायहरू पर्याप्त छैनन्। यो खोपले तपाईं भाइरसको सम्पर्कमा आउनुभएमा यससँग लड्नका लागि तपाईंको प्रतिरक्षा प्रणालीलाई तयार पार्न तपाईंको प्रतिरक्षा प्रणालीसँग सहकार्यात्मक रूपमा काम गर्नेछ। यसले COVID-19 को विरुद्ध उत्कृष्ट सुरक्षा उपलब्ध गराउनेछ।

बृहत् खोप अभियान सुरु गरेका देशहरूको अनुभवले देखाएअनुसार खोपको बढ्दो आवरणले महामारीको अवस्था देखायो COVID-19  कुनै-कुनै देशमा उन्नति भइरहेको छ।

COVID-19 खोप रोक्न सकिन्छ COVID-19 संक्रमण र संक्रमित भएमा, COVID-19 बाट गम्भीर रोग र मृत्युको जोखिम कम हुन्छ। COVID-19 संक्रमणजस्तै वृद्धावस्था वा दीर्घकालीन रोग लागेका व्यक्तिहरूबाट गम्भीर रोग र मृत्युदर हुन सक्ने व्यक्तिहरूलाई व्यक्तिगत सुरक्षाको लागि खोप लगाउनुपर्छ। COVID-19 भाइरसबाट अति संवेदनशील र असुरक्षित व्यक्तिहरूलाई सम्पर्क राख्ने वा सर्ने खतरा बढी हुने व्यक्तिहरूलाई सकेसम्म चाँडै खोप लगाउनुपर्छ।

### CoronaVac खोप (COVID-19 खोप (Vero Cell), निष्क्रिय गरिएको) केका लागि प्रयोग गरिन्छ?

CoronaVac SARS-CoV-2 भाइरस सङ्क्रमणद्वारा हुने COVID-19 रोकथाम गर्नका लागि प्रयोग गरिने खोप हो। यो 18 वर्ष वा बढी उमेरका मानिसहरूलाई दिइन्छ।

CoronaVac मा निष्क्रिय गरिएका (मारिएका) SARS-CoV-2 भाइरसहरू हुन्छन्, जसले प्रतिरक्षा प्रणाली (शरीरको प्राकृतिक रक्षा प्रणाली) लाई भाइरसको विरुद्ध लड्ने एन्टीबडी र रक्तकोषहरू निर्माण गर्ने बनाउँछ जसले गर्दा COVID-19 विरुद्ध सुरक्षा प्रदान गर्दछ।

CoronaVac मा मारिएको भाइरस मात्र हुने भएकोले यसले तपाईंलाई COVID-19 लगाउने छैन।

## हामीले CoronaVac खोप लगाउनुअघि के कुरा विचार गर्नुपर्छ?

तपाईंलाई निम्न भएमा तपाईंले CoronaVac लगाउनु हुँदैन:

- यो खोप वा अरू उस्तै खोपका कुनै पनि अवयव (सक्रिय वा निष्क्रिय अवयव वा प्रक्रियामा प्रयोग गरिने कुनै पनि सामग्री) मा एलर्जिक रियाक्सन भएमा।
- खोपमा अघिल्लो पटक गम्भीर एलर्जिक क्रियाहरू भएमा, जस्यै एनाफाइल्याक्सिस, एन्जियोन्युरोटिक एडेमा, डिस्प्निया, आदि।
- खोपको अघिल्लो डोजपछि स्नायु प्रणालीको कुनै गम्भीर प्रतिक्रिया भएको भएमा।
- गम्भीर स्नायु सम्बन्धी रोग भएमा (जस्तै, ट्रान्सभर्स मायलाइटिस, गुइलेन-बेएरे सिन्ड्रोम, डिमायलाइनेटिङ रोग, आदि)।
- नियन्त्रण नहुने गम्भीर दीर्घकालीन रोग भएमा।
- गर्भवती वा दुध चुसाइरहेको भएमा।

निम्न कुराहरू भएमा तपाईंलाई खोप दिनुअघि स्वास्थ्यसेवा पेशाकर्मीहरूसँग कुरा गर्नुहोस्:

- तपाईंलाई ज्वरो आएको छ भने।
- तपाईंलाई एलर्जी भएको छ भने।
- तपाईंलाई तीव्र रोग वा गम्भीर दीर्घकालीन रोग छ वा दीर्घकालीन रोगको तीव्र चरणमा हुनुहुन्छ भने।
- तपाईंलाई मधुमेह, जीउ बटारिने, छारेरोग, मस्तिष्क विकृति, मानसिक रोग वा पारिवारिक इतिहास छ भने।
- तपाईंलाई थ्रोम्बोसाइनोपेनिया वा हेमोरेजयुक्त रोगहरू छन् भने।
- तपाईंलाई मेलिग्नेन्ट ट्युमर, नेफ्रोटिक सिन्ड्रोम, AIDS जस्ता रोगहरू वा तपाईंको प्रतिक्षा प्रणालीमा प्रभाव पार्ने कर्टिकोस्टेरोइड जस्ता औषधिको कारणले प्रतिरक्षा प्रणालाी कमजोर भएको छ भने।

कुनै पनि खोप लगाउँदा, CoronaVac को 2-डोजको मात्राले यो लगाउने व्यक्तिलाई पूर्णतया सुरक्षित नगर्न सक्छ र तपाईं कति लामो समयसम्म सुरक्षित हुनुहुन्छ भन्ने ज्ञात छैन।

18 वर्षभन्दा कम उमेरका बच्चाहरूमा CoronaVac सिफारिस गरिएको छैन।

यसबाहेक, 60 वा सोभन्दा बढी उमेरका वयस्कहरूका लागि सीमित प्रभावकारिता हुन्छ। यो उत्पादनको खोपले 60 वा सोभन्दा बढी उमेरका वयस्कहरूमा तटस्थ गर्ने एन्टीबडीहरूको निर्माण गराउने कुरा सङ्केत गर्ने चिकित्सकीय डाटा छ। व्यक्तिले यो समूहका व्यक्तिहरूको स्वास्थ्य स्थिति र सम्पर्क जोखिम विचार गर्नुपर्छ र प्रयोगअघि यो खोपको अनिवार्यता मूल्याङ्कन गर्नुपर्छ।

## CoronaVac खोप कसरी दिइन्छ?

CoronaVac लाई मांशपेशीभित्र दिइन्छ र सिफारिस गरिएको खोप कार्यतालिका 28 दिनको अन्तरालमा 2 डोज हो।

मैले सँगसँगै औषधिहरू लिइरहेको भएमा के मैले अझै पनि CoronaVac खोप लगाउन सक्छु?

लगाउनुअघि, तपाईं अर्को कुनै औषधि प्रयोग गर्दै हुनुहुन्छ, हालसालै प्रयोग गर्नुभएको छ वा प्रयोग गर्न सक्नुहुन्छ भने वा हालसालै अर्को कुनै खोप लगाउनुभएको छ भने आफ्नो डाक्टरलाई बताउनुहोस्।

साथै, प्रतिरक्षा प्रभावमा प्रभाव पर्न नदिन मानव इम्युनोग्लोबुलिन र खोपलाई कम्तीमा एक महिनाको फरकमा दिनुपर्छ।

के गर्भवती वा दुध चुसाइरहेका महिलाले CoronaVac खोप लगाउन सक्छन्?

CoronaVac खोपको उत्पादन जानकारी अनुसार, यो गर्भवती वा दुध चुसाइरहेका महिलामा सिफारिस गरिएको छैन।

के म CoronaVac खोप लगाएपछि अझै पनि सवारी चलाउन वा मेसिन प्रयोग गर्न सक्छु?

खोपका केही सम्भावित प्रभावहरूले तपाईंको स्वारी चलाउने र मेसिनहरू चलाउने क्षमतामा अस्थायी रूपमा प्रभाव पार्न सक्छन्। तपाईंले सवारी चलाउनु वा मेसिनहरू चलाउनुअघि यी प्रभावहरू नहटेसम्म प्रतीक्षा गर्नुहोस् । कृपया खोप को सम्भावित साइड इफेक्ट को लागी टीकाकरण तथ्य पाना सन्दर्भ गर्नुहोस् ।

CoronaVac खोपमा के समावेश हुन्छ र प्याकभित्र के हुन्छ?

CoronaVac को सक्रिय पदार्थ निष्क्रिय गरिएको SARS-CoV-2 भाइरस (CZ02 प्रजाति) हो, प्रत्येक सिसीमा एन्टीजेनको रूपमा 600SU निष्क्रिय गरिएको SARS-CoV-2 भाइरसको साथमा 1 डोज 0.5 मिलि हुन्छ।

अन्य अवयवहरू निम्न हुन्:

- एलुमिनियम हाइड्रोक्साइड
- डाइसोडियम हाइड्रोजन फोस्फेट डोडेकाहाइड्रेट
- सोडियम हाइड्रोजन फोस्फेट मोनोहाइड्रेट
- सोडियम क्लोराइड
- इन्जेक्सनका लागि पानी

यो खोप दुधजस्तो सेतो मिश्रण हुनछ। थिग्रेको पदार्थको तह निर्माण हुन सक्छ जसलाई हल्लाएर फिँजाउन सकिन्छ।

प्याक साइज: 40 सिसी प्रति बाकस।

## सुरक्षा

CoronaVac खोपका सम्भावित साइड इफेक्टहरू के के हुन्?

सबै खोपहरू जस्तै, CoronaVac ले पनि साइड इफेक्टहरू हुन सक्छ, यद्यपि सबै जनालाई त्यस्तो हुँदैन। सामान्यतया, CoronaVac का साधारण साइड इफेक्टहरू प्रायः मन्द र अस्थायी हुन्छन्। कसैले थप गम्भीर अनुभव गर्न सक्छन्, तर सामान्यतया विरल, प्रतिकूल प्रभावहरू हुन्छन्।

यो तथ्य कुरा हो कि COVID-19 खोपको अनुसन्धान र विकास अवधि अन्य नियमित खोपहरूको तुलनामा धेरै कम छ। तसर्थ, जनतामा खोप व्यापक रूपमा लगाएपछि विरल वा अप्रत्याशित गम्भीर प्रतिकूल घटनाहरू हुने कुरालाई पूर्णतया खण्डन गर्न सकिँदैन।

CoronaVac ले गम्भीर एलर्जिक रियाक्सन गराउने केही सम्भावना रहेको छ।

गम्भीर एलर्जिक रियाक्सनका सङ्केतहरूमा श्वासप्रश्वासमा कठिनाइ, तपाईंको अनुहार वा घाँटी सुन्निने, छिटो मुटुको धड्कन, तपाईंको शरीरभरि खराब डाबर, रिँगटा र कमजोरी समावेश हुन सक्छन्।

CoronaVac अझै पनि चिकित्सकीय परीक्षणहरूमा अध्ययन गरिँदैछ।

कृपया विस्तृत विवरणका लागि खोप तथ्य पानामा सन्दर्भ गर्नुहोस् ।

<u>के CoronaVac खोप लगाउनका लागि कुनै पूर्वसावधानीहरू छन्?</u>

उत्पादनको जानकारी अनुसार, CoronaVac लगाएपछि एलर्जिक रियाक्सनहरू हुन सक्छन्। CoronaVac लगाउनेहरूलाई कम्तीमा 30 मिनेटसम्म अवलोकनका लागि राख्नुपर्छ र निगरानी गर्नुपर्छ। एलर्जीको इतिहास भएका व्यक्तिहरूले यो खोप लगाउनुअघि सल्लाहका लागि आफ्नो डाक्टर वा फार्मेसिस्टसँग परामर्श लिनुपर्छ। CoronaVac को पहिलो डोजमा एलर्जिक रियाक्सनको अनुभव गरेकाहरूलाई खोपको दोस्रो डोज दिनुहुँदैन।

<u>मैले CoronaVac खोप लगाएपछि गम्भीर साइड इफेक्टहरूको अनुभव गरेमा मैले के गर्नुपर्छ?</u>

तपाईंलाई गम्भीर साइड इफेक्टहरू भएमा, तपाईंले आफ्नो डाक्टर, फार्मेसिस्ट वा नर्ससँग कुरा गर्नुपर्छ। स्वास्थ्यसेवा पेशाकर्मीहरूले सल्लाह दिनेछन्, तपाईंको अवस्था व्यवस्थित गर्नेछन् र स्वास्थ्य विभाग (DH) मा रिपोर्टिङ गर्नका लागि उचित आँकलनहरू गर्नेछन्।

DH मा प्रतिकूल औषधि प्रतिक्रिया ("ADR") रिपोर्टिङ गर्ने प्रणाली हुन्छ जसले COVID-19 खोपहरूको सुरक्षा निगरानी गर्न खोपपछिका प्रतिकूल घटनाहरू (AEFIs) प्राप्त गर्दछ र आवश्यक भएमा, स्वास्थ्यसेवा पेशाकर्मीहरूले खोपको सुरक्षाको निरन्तर निगरानीका लागि DH मा चिकित्सकीय रूपमा महत्त्वपूर्ण भएका खोपपछिका प्रतिकूल घटनाहरू रिपोर्ट गर्नेछन्।

## प्रभावकारिता

<u>के CoronaVac खोपले तुरुन्तै काम गर्नेछ?</u>

CoronaVac लाई दुई डोजहरूको शृङ्खलामा लगाइन्छ। तपाईंले पहिलो मात्राबाट केही सुरक्षा प्राप्त गर्न सक्नु हुन्छ र दोस्रो मात्रा लगाउनाले तपाईंलाई भाइरस विरूद्ध उत्तम सुरक्षा दिनेछ। खोप लगाएपछि शरीरमा एन्टीबडीहरू विकास हुन र COVID-19 विरूद्ध सुरक्षा प्रदान गर्न समय लाग्छ।

<u>अहिलेसम्म क्लिनिकल अध्ययनबाट आएका जानकारी अनुसार, CoronaVac खोपले कत्तिको सुरक्षा प्रदान गर्दछ?</u>

CoronaVac क्लिनिकल परीक्षणहरूको क्लिनिकल परीक्षण ब्राजिल र टर्कीमा सञ्चालित भए।

ब्राजिलमा चरण 3 क्लिनिकल परीक्षणको लक्षित जनसङ्ख्यामा COVID-19 बिरामीहरूसँग सम्पर्कमा आउने मेडिकल कर्मचारीहरू समावेश छन्। 12,396 सहभागीहरूले खोपको 2 मात्रा (14 दिनको फरकमा 2 मात्रा) पूरा गरे र दोस्रो मात्रा पछि 14 दिनको निरीक्षण र अनुगमन अवधिमा प्रवेश गरे, जुन अवधिमा 253 वटा मामिलाहरू भेटिएका थिए। अनुसन्धान डाटाबाट, खोपको 2 मात्राको पूर्णता पछि 14 दिनमा COVID-19 रोकथामको खोप प्रभावकारिता निम्न अनुसार हुने निष्कर्ष निकालिएको छ: अस्पतालमा भर्ना, गम्भीर बिमारी र मृत्यु रोकथाम गर्ने प्रभावकारिता 100.00% छ, स्पष्ट लक्षणहरूको रोकथाम र चिकित्सा उपचारको आवश्यकताको प्रभावकारिता 83.70% छ, चिकित्सा उपचार बिना हल्का लक्षणहरू रोकथाम गर्ने प्रभावकारिता दर 50.65% छ। हाल उपलब्ध जानकारीका अनुसार, यस क्लिनिकल परीक्षणमा 60 वा सोभन्दा बढी उमेरका मानिसहरूका लागि सीमित प्रभावकारिता डाटा छ।

टर्की र इन्डोनेसियामा चरण 3 क्लिनिकल परीक्षणहरू सञ्चालित भएसँगै, हालको डाटा अनुसार, खोपको प्रभावकारिता 18 देखि 59 उमेरका व्यक्तिहरूमा 50% को WHO आपतकालिन प्रयोग सूचीकरण (EUL) प्रभावकारिता मापदण्ड भन्दा माथि रहेको पनि प्रमाणित भएको छ तर थप मूल्याङ्कनको लागि अधिक डाटा आवश्यक छन्।

CoronaVac खोपको पहिलो मात्रा प्राप्त गरेपछि, के प्राप्तकर्ताले दोस्रो मात्राको लागि अर्को COVID-19 खोप परिवर्तन गर्न सक्छ?

जनसाधारणलाई सम्भव भएसम्म एउटै उत्पादनद्वारा श्रृङ्खलाको दुवै खुराक पूरा गर्न सल्लाह दिइन्छ। असाधारण अवस्थामा जहाँ खोप प्राप्तकर्ताले एउटै प्रकारको खोप (जस्तै, पहिलो खुराकपछि एनाफिलेक्सिसको कारणले; वा यदि खोप अब उपलब्ध छैन वा पहुँच योग्य छैन भने) श्रृंखला पूरा गर्न असमर्थ हुन्छ, अर्को COVID-19 खोपसँग खोपलाई केस-दर-केस आधारमा विचार गर्न सकिन्छ।

के CoronaVac गम्भीर COVID-19 रोकथाममा प्रभावकारी छ?

क्लिनिकल परीक्षणहरूबाट आएका प्रारम्भिक डाटा अनुसार यदि तपाईंलाई COVID-19 भयो भने, खोपले तपाईंलाई गम्भीर बिरामी हुनबाट बचाउन सक्छ भन्ने विज्ञहरू विश्वास गर्छन्, तर यसलाई अझै थप क्लिनिकल परीक्षण डाटामार्फत पुष्टि गर्न आवश्यक छ।

## गुणस्तर

हङकङमा आपूर्ति गरिने CoronaVac खोप कहाँ उत्पादन गरिन्छ? हङकङमा आपूर्ति गरिएको खोपहरूको गुणस्तर कसरी सुनिश्चित गर्ने?

Sinovac ले दिएको जानकारी अनुसार हङकङको लागि CoronaVac खोप चीनको बेइजिङको दासिङ जिल्लामा उत्पादन गरिने छ।

खोप उत्पादक फार्मेस्युटिकल निरीक्षण सहकार्य योजना (PIC/S) असल उत्पादन अभ्यास (GMP) मापदण्डहरू, वा समानसँग पालना हुनुपर्दछ। आयात गरिएको खोपले विशेष विवरणहरू पूरा गर्दछ भन्ने प्रमाणित गर्न योसँग विश्लेषणको प्रमाणपत्र पनि छ।